# बाणगङ्गा मासिक बुलेटीन

वर्षः२०७८ | अंकः५ | महिनाः असोज | पानाः ८


## बाणगङ्गा नगरपालिका द्वारा आ.व. २०७७/७८ को
# वार्षिक समीक्षा सम्पन्न




बाणगङ्गा नगरपालिकाले मिति २०७८ भदौं ११ गतेका दिन आर्थिक वर्ष २०७७।०७८ को वार्षिक समीक्षा एक कार्यक्रमका बीच सार्वजनिक गरेको छ । नगर प्रमुख श्री मंगल प्रसाद थारुको अध्यक्षता र पूर्व कृषि तथा पशु पन्छी विकास मन्त्री माननीय मन्त्री श्री चक्रपाणि खनाल 'बलदेव'को प्रमुख आतिथ्यतामा संचालन भएको थियो ।

प्रमुख आतिथि पूर्व कृषि तथा पशु पन्छी विकास मन्त्री माननीय मन्त्री श्री चक्रपाणि खनाल 'बलदेव'ले वार्षिक कार्यक्रमको उद्घाटन गरी कार्यक्रमको सुरुवात गर्नु भएको थियो भने आर्थिक प्रशासन शाखा प्रमुख श्री रामचन्द्र मरासिनीको संचालनमा कार्यक्रम संचालन भएको थियो ।

उक्त कार्यक्रममा संविधान सभा सदस्य माननीय श्री बलराम अधिकारी, माननीय श्री विश्राम प्रसाद थारु, प्रदेश सांसद माननीय श्री विष्णु पन्थी, नगर उपप्रमुख श्री चक्रपाणि अर्याल, बाणगङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव खनाल, शिक्षा, युवा तथा खेलकुद शाखाका उपसचिव श्री बाबुराम भट्टराई, नेकपा एमाले अध्यक्ष श्री अमित पौडेल, ने.का. नगर सभापति श्री विष्णु थापा, नेकपा माओवादी केन्द्रका टेकेन्द्र क्षेत्री, बाणगङ्गा इलाका प्रशासन प्रमुख श्री विष्णु प्रसाद ज्ञवाली, इलाका प्रहरी कार्यालयका प्रमुख श्री दिनेश गुरुङ , वडाध्यक्ष र कार्यपालिका सदस्यहरु, विभिन्न मिडियाका मिडियाकर्मीहरु, विभिन्न शाखाका प्रमुखहरु लगायत कर्मचारीहरुको उपस्थितिमा सम्पन्न भएको थियो ।




उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृतले नगरको आर्थिक वर्ष २०७७।७८ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्दै नगरपालिकाले गरेका प्रमुख कार्यहरु तथा उपलब्धिहरु माथि प्रकाश पार्नु भएको थियो ।

नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को क्षेत्रगत कार्यक्रम प्रगति विवरण अनुसार नगरले शिक्षातर्फ जम्मा ३७ कार्यक्रमहरु मध्ये ३३ वटा , स्वास्थ्यतर्फ ५३ कार्यक्रमहरु मध्ये ४९ वटा,

## सम्पादकीय

**फोहरमैला व्यवस्थापन र बाणगंगा नगरपालिकाको दृष्टिकोण**

*शहरी सभ्यताको आधारभूत पूर्वाधारको रुपमा फोहरमैलाको उचित ब्यवस्थान अनिवार्य पूर्वसर्त हो । वस्तीहरु विस्तार हुदैमा शहर मान्न सकिन्न त्यसका लागि आधारभूत पूर्वाधारहरु पूरा भएको हुनुपर्छ । नगर भित्रकै जनसंख्यामा हुने वृद्धि र अवसर र सुविधाको खोजीमा अन्यत्रबाट बसाईसराई गरी आउने बढ्दो प्रवृत्तिले विद्यमान शहरी सुबिधाहरुमा चाप पुर्‍याईरहेको हुन्छ । त्यसैले यस्ता आधारभूत सुबिधाको सम्बन्धमा दीर्घकालीन एवं उत्पादनमूलक दृष्टिकोण अपरिहार्य छ ।*

*बाणगंगा न.पा.को प्रमुख बजार क्षेत्रमा महत्वपूर्ण राष्ट्रिय राजमार्गहरुको पहुँच भएको , बढ्दो औद्योगीकरण तथा बजारीकरण, प्रचुर कृषियोग्य भूमि, स्वास्थ्य शिक्षा, रोजगारी लगायत विभिन्न शहरी पूर्वाधार एवं अवसरको विस्तारले विभिन्न क्षेत्रबाट हुने बसाईसाराईलाई आकर्षित गरी रहेको छ । जसको फलस्वरुप जनसंख्या वृद्धिदर ज्यामितीय हिसाबले भइरहेको देखिन्छ । त्यसले गर्दा यहाँको फोहरमैलाको व्यवस्थापनमा दीर्घकालीन एवं उत्पादनमूखी दृष्टिकोण अपरिहार्य छ ।*

*फोहरमैला व्यवस्थापन सम्बन्धी परियोजना नगरकै गौरब एवं पहिचानको योजनाको रुपमा बिगत बर्षहरु देखि नै विभिन्न कोणबाट बहस पैरबी हुदै आएको छ । यो सबैको साझा एजेन्डा तथा सपना बनेको छ । यस सम्बन्धी बुझाइमा रहेका विभिन्नताहरुलाई आम नगरबासी एवं समस्त सरोकारवाला समक्ष सुस्पष्ट पार्नु हामी सबैको साझा दायित्व हो ।*

*नगरले परिकल्पना गरेको यो आयोजना मुलत रोजगारमूलक, व्यवसायीक तथा वातावरणमैत्री हुनेछ । त्यसका लागि फोहरलाई संकलनको बिन्दुबाटनै वर्गीकरण गरी सोही अनुरुप ढुवानीको प्रबन्ध मिलाई फोहर प्रशोधन स्थलसम्म सुरक्षित तवरले पुर्‍याईनेछ ।*

क्रमशः.......

**सम्पादकीय..............**

*फोहर प्रशोधन केन्द्रमा अहिलेसम्मका पछिल्ला वातावरणमैत्री प्रबिधिहरु सहितका पृथक प्लान्टहरु रहनेछन् । त्यसमा कुहिने फोहरलाई प्रशोधन गर्ने र त्यसबाट प्राङ्गारिक मल बनाउने प्लान्ट, प्लास्टिकजन्य पदार्थहरुलाई वातावरणमैत्री प्रविधिले प्रशोधन गर्ने प्लान्ट, सेफ्टी ट्यांकीबाट निस्किने फोहर लाई प्रशोधन गर्ने पृथक प्लान्ट र यी सबै प्लान्टबाट निस्किने पानीलाई शुद्धीकरण गर्नका लागि पानी शुद्धीकरण प्लान्ट स्थापना हुनेछ । र त्यसबाट निस्किने पानीलाई पिउनयोग्य बनाई व्यवस्थापन गरी नेछ । सँगै उक्त प्रशोधन केन्द्रसम्म जाने पहुँचमार्ग विस्तार र विकास गरी नेछ । र त्यसलाई आन्तरिक पर्यटकका लागि एक अध्ययन एवं आकर्षक गन्तव्यको रुपमा समेत विकास गर्ने परिकल्पना रहेको छ ।*

*यसका लागि प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यारम्भ गरी नेछ । लगानिका सम्बन्धमा पूर्वाधार विकासमा संघ प्रदेश तथा स्थानीय तहसगको सहलगानी तथा सहकार्य गरी नेछ । साथै विभिन्न दातृ निकाय एवं संस्थाहरुको सहकार्यलाई पनि अगाडि बढाउदै संचालनमा सार्वजनिक निजी साझेदारी लगायत उपयुक्त मोडलको अभ्यास गरीनेछ ।*

*यसले वातावरणीय सन्तुलन एवं सौन्दर्यतालाई दीगो बनाउनेछ भने अर्कोतर्फ रोजगारी सिर्जना , नगरको आन्तरिक आय वृद्धि, आर्थिक सामाजिक विकासमा योगदान, लगानीको वातावरणको सिर्जना सँगै नगरको फोहर सदाको लागि व्यवस्थापन मात्र हुनेछैन फोहर सम्बन्धी आम बुझाई लाई पनि बदल्दै फोहरलाई मोहरमा रुपान्तरण गर्ने सुनको अन्डा सावित हुने यो परियोजना लाई सफलीभूत बनाउन सबैको साथ सहयोग र सहकार्य हुनेछ भन्ने विश्वास लिएका छौ ।*

**वार्षिक समीक्षा.........**

कृषि तर्फ ३७ कार्यक्रमहरु मध्ये ३० वटा, पशु सेवातर्फ २१ मध्ये १७ वटा, आयुर्वेदतर्फ १४ वटा



कार्यक्रमहरु मध्ये १४ वटानै र महिला तथा बालबालिकातर्फ १७९ वटा मध्ये १७२ वटा सम्पन्न गरेको छ ।



त्यस्तै, नगरपालिकाले हालसम्म विभिन्न १९ वटा ऐन, ५ वटा नियमावली, ६ वटा निर्देशिका, ३९ वटा कार्यविधि, र २ वटा मापदण्डहरु गरी जम्मा ७१ वटा कानुन बनाई कार्यान्वयनमा ल्याएको छ । त्यस्तै गरी, आर्थिक वर्ष २०७७।७८ मा नगरस्तरीय/ वडागत र अन्य योजनाहरुको प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो । जस अनुसार वडा नं.१ ले ९८.०७ प्रतिशत, वडा नं.२ ले ९२.४१ प्रतिशत, वडा नं.३ ले ९०.५३ प्रतिशत, वडा नं.४ ले ९८.९३ प्रतिशत, वडा नं.५ ले ९९.४१ प्रतिशत, वडा नं.६ ले ८८.३९ प्रतिशत, वडा नं.७ ले ९९.१४ प्रतिशत, वडा नं.८ ले ९७.९४ प्रतिशत, वडा नं.९ ले ९४.९४ प्रतिशत, वडा नं.१० ले ९६.७४ प्रतिशत र वडा नं.११ ले ९५.५६ प्रतिशत सम्पन्न वित्तिय प्रगति हासिल गरेका छन् । त्यसैगरी वडा सिलिङ बाहेकका योजनाहरु तिर भौतिक प्रगति ८२.९८ प्रतिशत सम्पन्न भएको छ भने कुल योजनाहरु ५५७ मध्ये ५२७ वटा योजनाहरु सम्पन्न भएका छन् । यसै गरी बाणगङ्गा नगरपालिकाले आर्थिक वर्ष २०७७।७८ मा सार्वजनिक निर्माण तथा पूर्वाधारतर्फ ३३ वटा कल्भर्ट, ४० कि.मि. सडक ग्रवेल, २५ कि.मि. सडक कालोपत्रे, २३०० मि. सडक विस्तार तथा स्तरोन्नती, १०२० मि. सिंचाई कुलो नहर निर्माण र बोरिङ्ग जडान र संरचना, १४.२६५ मि. नाली निर्माण रहेका छन् भने शिक्षा पूर्वाधारतर्फ २२ वटा, भवन मर्मत तथा निर्माण विभिन्न संघसंस्था समेत गरी १८ वटा, त्यसैगरी ११ वटा मन्दिर, ८ वटा खेलमैदान, ४ वटा पोखरी-ताल निर्माण र मर्मत, ४ वटा प्रतिक्षालय, बालउद्यान ३ वटा, १२० वर्ग मिटरमा वृक्षारोपण, ६ वटा स्वास्थ्य पूर्वाधार संरचना तथा २ वटा पार्क निर्माण रहेका छन् ।

त्यसैगरी नगरबाट सिफारिस प्राप्त कृषि सहकारी संस्थाबाट आ.व.०७७।७८ मा युरिया ५५१९, डि.ए.पी. ४६४७, पोटास ६५९ र चुन ७७ (सबै क्वीन्टलमा ) वितरित गरी एको छ । नगरमा पशुपन्छी फर्महरुको संख्या ३०९ वटा, दुग्ध डेरी संख्या १४ वटा र मासुपसल १६ वटा संचालनमा रहेका छन् । दुध, मासु र अण्डा क्रमशः ६०५५ मे.ट., ४३५ मे.ट. र १८७२ मे.ट. सरदर उत्पादन भएको छ । त्यसैगरी , नगरपालिकाले आ.व. ०७७।७८मा प्रक्षेपित कुल आन्तरिक राजश्व रकम ४ करोड ७५ लाख ६८ हजार मध्ये ९१.८८ प्रतिशत अर्थात ४ करोड ३७ लाख ३ हजार २ सय ८३ उठाउन सफल भएको छ ।

त्यसैगरी , लक्षित कार्यक्रम अन्तर्गत वडा र नगरस्तरीय कार्यक्रमतर्फ कुल १७९ वटा कार्यक्रम मध्ये १७२ वटा कार्यक्रमहरु सम्पन्न गरेको छ भने ९६.१४ प्रतिशत वित्तिय प्रगति भएको छ। साथै आ.व. ०७७।७८ मा अपाङ्ग परिचय पत्रको 'क' श्रेणीको ४१ वटा, 'ख' श्रेणीको ११९ वटा, 'ग' श्रेणीको ७५ वटा र 'घ' श्रेणीको २९ वटा गरी जम्मा २६४ वटा अपाङ्ग परिचयपत्र वितरण गरी एको छ। त्यस्तै, ज्येष्ठ नागरी क परिचय पत्रतर्फ महिला २६१ वटा र पुरुष ३१७ वटा गरी जम्मा ५७८ वटा वितरण गरी एको छ।

बाणगङ्गा नगरपालिकामा घटना दर्तातर्फ आ.व. ०७७।७८ मा १८३४ महिला र २०६५ पुरुष गरी जम्मा ३८९९ जन्म दर्ता, २८२ महिला र ४१९ गरी जम्मा ७०१ मृत्यु दर्ता, नगरपालिकाको विभिन्न वडाहरुमा ३४ वटा सम्बन्ध विच्छेद भएको छन् । त्यसैगरी ११४१ वटा विवाह दर्ता भएका छन् भने ११४१ घरपरिवार अन्यत्रबाट बसाईसराई गरी नगरपालिकामा आएका छन् भने ४९८ घरपरिवार नगरपालिकाबाट अन्यत्र बसाइसराइ गरी गएका छन् ।

आ.व. २०७७।७८ मा सामाजिक सुरक्षा लाभग्राही कुल ३२५६ जना ज्येष्ठनगारिक ७० वर्ष माथिका, दलित ज्येष्ठ नागरीक ३१० जना, ज्येष्ठ नागरी क एकल महिला ९५० जना, विधवा १२८९ जना, लोपन्मुख आदिवासी/ जनजाति २१ जना, पूर्ण अपाङ्गता ११६ जना, अति अशक्त अपाङ्गता ३१९ जना, क्षेत्र तोकिएका बालबालिका ४६०८ जना, दलित बालबालिका सुरक्षा अन्तर्गत ४३१ जना गरी जम्मा ११३०० जनाले सुविधा प्राप्त गरेका छन् जसका लागि रु १९ करोड ६८ लाख ५८ हजार ७ सय ४४ रकम खर्च भएको छ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग

## केन्द्रीय तथ्याङ्क विभाग

# राष्ट्रिय जनगणना २०७८

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

## अनुरोध पत्र

**आदरणीय उत्तरदाताहरू,**

प्रत्येक दश वर्षमा एक पटक हुने राष्ट्रिय जनगणनाको बाह्रौं श्रृङ्खलामा हामी प्रवेश गरेका छौं । जनगणना मुलुकको भूभाग भित्र रहेका सम्पूर्ण घर, परिवार र व्यक्तिहरूको गणना गर्ने एक बृहत् तथ्याङ्क संकलन कार्यक्रम हो । यसबाट स्थानीय तहका वडास्तरसम्मका सम्पूर्ण जनसांख्यिक, सामाजिक, आर्थिक र लैङ्गिक तथ्याङ्कहरू प्रकाशन गर्न सकिन्छ । जनसंख्याको आकार, प्रकार र संरचनाकै आधारमा राज्यले आवश्यकता पहिचान गरी सडक, विद्यालय, स्वास्थ्य केन्द्र, बैंक/वित्तीय संस्था जस्ता विभिन्न सेवा केन्द्रहरूको स्थापना गर्ने गरिन्छ भने निजी संस्थाहरूले पनि सम्भाव्यताको अध्ययन गरी आफ्ना व्यापार/व्यवसाय विस्तार गर्ने गर्दछन् । यस्तै प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य संख्या यकिन गर्न, सामाजिक सुरक्षा कार्यक्रम बनाउन, समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न र केन्द्र सरकारबाट प्रदेश सरकार र स्थानीय तहमा स्रोत परिचालन गर्न पनि जनगणनाबाट प्राप्त हुने तथ्याङ्कको व्यापक प्रयोग हुने गर्दछ । त्यसकारण, जनगणनामा हामी सबैको अपनत्व र सहभागिता जरूरी छ ।

जनगणनामा सोधिने सम्पूर्ण व्यक्तिगत विवरण तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य राखिने छ र सामूहिक रूपमा मात्र प्रकाशनमा ल्याइने छ । जनगणना जस्तो बृहत् सार्वजनिक सम्पत्ति निर्माण कार्यका लागि २०७८ साल **भाद्र ३० देखि असोज १८** सम्म घर तथा घरपरिवार सूचीकरण फाराम र **कार्तिक २५ देखि मङ्सिर ९** सम्म मुख्य प्रश्नावली फाराम भर्न घर-घरमा आउने कर्मचारीहरूलाई सही विवरण उपलब्ध गराई सहयोग गरी दिनु हुनका साथै आफ्ना टोलवासी/छिमेकीहरूलाई जनगणनामा सहभागी हुन जानकारी दिई राष्ट्रिय जनगणना २०७८ लाई सफल पार्न सबै उत्तरदाताहरूमा हार्दिक अनुरोध गर्दछु ।

**महानिर्देशक**
**केन्द्रीय तथ्याङ्क विभाग**

## मेरो गणना, मेरो सहभागिता

गुनासो तथा सुझावको लागि पैसा नलाग्ने टोल फ्रि नं.: ११७८

# मेलमिलापकर्ताहरुको पुनर्ताजगी तालिम सम्पन्न




बाणगंगा नगरपालिकामा सूचीकृत भएका २७ जना मेलमिलापकर्ताहरूलाई १ दिने पुनर्ताजगी तालिम मिति २०७८/०६/०३ गते बाणगंगा नगरपालिका वडा न. ४ मा रहेको पिस हिमालय रिसोर्टमा सम्पन्न गरी एको छ । तालिमको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि मंगल प्रसाद थारुले संविधानमा न्यायिक समितिको व्यबस्था गरी एको र सानातिना झैझगडामा जिल्लासम्म जान नपरोस्, मेलमिलापको माध्यमबाट विवाद निरुपण होस् भनि कानूनमा मेलमिलापकर्ताको व्यवस्था गरी एको बताउनु भयो । कार्यक्रममा विशिष्ट अतिथि जिल्ला न्यायाधीस माननीय तेजेन्द्र प्रसाद शर्मा सापकोटाले मेलमिलापकर्ताले तोकिएको आचरणको परिधिमा रहेर मेलमिलाप गराउनु पर्ने बताउनु भयो । कार्यक्रमको अध्यक्षता गर्नु भएका न्यायिक समितिका संयोजक नगर उपप्रमुख चक्रपाणि अर्यालले नगरपालिकाको वार्षिक कार्यक्रम अनुसार मेलमिलापकर्ताहरूका लागि पुनर्ताजगी तालिम गरी एको, यस्ता तालिमहरु निरन्तर गरी ने बताउनु भयो ।

पुनर्ताजगी तालिमको उद्घाटन कार्यक्रम नगर उपप्रमुख तथा न्यायिक समितिका संयोजक चक्रपाणि अर्यालको अध्यक्षता, प्रमुख अतिथि बाणगंगा नगरपालिकाका नगर प्रमुख मंगल प्रसाद थारु, विशिष्ट अतिथि जिल्ला न्यायाधीस माननीय तेजेन्द्र प्रसाद शर्मा सापकोटा, प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनाल, नगरका कानुनी सल्लाहाकार हुमनाथ पाण्डे, मेलमिलाप अनुगमन समितिका सम्पर्क व्यक्ति यज्ञमूर्ति न्यौपाने, न्यायीक समितिका पदाधिकारी, मेलमिलाप केन्द्रका संयोजक तथा वडा अध्यक्षहरु, शिक्षा शाखा प्रमुख उपसचिव बाबुराम भट्टराई, प्रशासन शाखा केशवराज भट्टराई, मेलमिलापकर्ता गरी करिव ४५ जनाको उपस्थिति रहेको थियो । तालिममा स्वागत मन्तव्य नगरका प्रवक्ता तथा न्यायीक समितिका सदस्य बिष्णु प्रसाद पौडेलले गर्नु भएको थियो भने तालिमको सहजीकरण जिल्ला न्यायाधीस माननीय तेजेन्द्र प्रसाद शर्मा सापकोटा र मेलमिलाप अनुगमन समितिका सम्पर्क व्यक्ति यज्ञमूर्ति न्यौपानेले गर्नु भएको थियो । तालिम समापनपछि सहभागीका तर्फबाट मेलमिलाप कर्ता यम प्रसाद पोख्रेल र शुसिला वेल्वासे बोल्नु भएको थियो त्यस्तै तालिमको समापन नगर उपप्रमुख तथा न्यायिक समितिका संयोजक चक्रपाणि अर्यालले गर्नु भएको थियो । कार्यक्रम न्यायिक समितिका उजुरी प्रशासक सन्तोष थापाले संचालन गर्नु भएको थियो ।



# अन्तराष्ट्रिय साक्षरता दिवस २०७८




मिति २०७८ भाद्र २३ गतेका दिन अन्तराष्ट्रिय साक्षरता दिवस २०७८ को अवसरमा नगरपालिकाको सभाहलमा नगरस्तरीय माध्यमिक तहको निबन्ध लेखन प्रतियोगिता सम्पन्न भयो । "प्रविधि मैत्री शिक्षा आजको आवश्यकता" भन्ने विषयमा निवन्ध लेखन प्रतियोगिता कार्यक्रममा सहभागी विद्यार्थीहरु मध्ये उत्कृष्ट चार जनालाई पुरस्कार वितरण तथा सम्मान कार्यक्रम गरी दिवस सम्पन्न गरी एको छ । उक्त प्रतियोगितामा बाणगङ्गा मा .वि, लौगाईकी अपेक्षा घिमिरे प्रथम, जनता मा.वि पिपराकी शिक्षा अर्याल द्वितीय, होराइजन मा.वि सिद्धिपुरका करुण घिमिरे तृतीय र अन्नपूर्ण मा.वि कोपवाकी रोशनी थारुले सान्त्वना स्थान प्राप्त गरेका थिए।

*कृषि सम्बन्धी सबै सूचनाहरुको जानकारी लिन*
*https://www.facebook.com/HBMBanganga*
*फेसबुक पेज लाईक गरी संजालमा जोडिऊँ।*

**नगरभित्र विभिन्न संस्थाहरुद्वारा संचालित एम्बुलेन्सको सम्पर्क नम्वरहरु**

| सि.नं. | संचालक संस्थाहरुको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| १ | पिपरा अस्पताल | ९८४७०३६५८६ |
| २ | नेपाल रेडक्रस सोसाईटी-बाणगंगा | ९८४७०३३०५३ |
| ३ | शान्ति श्रृजना युवा नेपाल | ९८५७०३६४८९ |
| ४ | बाणगंगा यातायात व्यवसायी समिति | ९८५७०५४२५५ |
| ५ | सि एण्ड सि अस्पताल | ९८५७०१६४११ |
| ६ | कपिलवस्तु जेसिस | ९८५७०५००२२ |

# प्रथम नगर विकास आवधिक योजना निर्माण सम्बन्धी अभिमुखिकरण तालिम सम्पन्न




बाणगङ्गा नगरपालिकाले नगरपालिकाको सभाहलमा आवधिक योजना निर्माणको कार्यशाला सहजीकरण सम्बन्धी प्रारम्भिक छलफल उद्घाटन कार्यक्रम तथा कार्यशाला समेत सम्पन्न गरी एको छ। नगर प्रमुख श्री मंगल प्रसाद थारुको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि माननीय प्रदेश सासंद विष्णु पन्थीज्यूले कार्यक्रमको सफलताको शुभकामना दिनु भएको थियो । त्यसैगरी , प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनाल, राजनितिक दलहरुकोतर्फबाट विष्णु थापा र पत्रकारहरुको तर्फबाट हरि अधिकारी,



चौपकान्त न्यौपाने कार्यक्रममा शुभकामना मन्तव्य दिनुभएको थियो । कार्यक्रमको प्रथम सत्रमा नेपाल सरकारका पूर्व मुख्यसचिव डा. सोमलाल सुवेदी ज्यूले आवधिक योजना निर्माण सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

त्यसैगरी , आवधिक योजनाको दोस्रो सत्रमा




आवधिक योजना निर्माणको कार्यशालाबारे सहजीकरण नेपाल सरकार, सङ्घीय तथा सामान्य प्रशासन मन्त्रालयका सह- सचिव श्रीमान विष्णु दत्त गौतम ज्यूले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा नगरपालिकाका पदाधिकारी र तथा विभिन्न शाखाका शाखा प्रमुख तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## बाणगङ्गा नगरपालिकाको भाद्र महिनाको राजश्व आम्दानी

| आम्दानी शिर्षक | भाद्र महिना |
|---|---|
| सम्पत्ति कर | ६८९७७३ |
| भुमिकर/मालपोत | १५४०४ |
| घर बहाल कर | २४०९११ |
| बहाल बिटौरी कर | ४२८५५ |
| सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | ३००० |
| विद्युत सेवा शुल्क | १९२०० |
| अन्य सेवा शुल्क | ८९६७०७८ |
| शिक्षा क्षेत्रको आम्दानी | १७५०० |
| नक्सा पास दस्तुर | ४०७८८१ |
| सिफारिस दस्तुर | ९०७६४३ |
| नाता प्रमाणित दस्तुर | ३०००० |
| अन्य दस्तुर | १८३४५९ |
| दण्ड जरिवाना दस्तुर | २३७३०० |
| व्यक्तिगत घटना दस्तुर | १६५०० |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ७६९१२० |
| जम्मा | १२५४७६२४ |

# राष्ट्रिय विज्ञान दिवस २०७८




राष्ट्रिय विज्ञान दिवश २०७८ का सन्दर्भमा बाणगङ्गा नगरपालिकाले यही आश्विन १ गते बाणगङ्गा-२, नन्दनगरमा अवस्थित मनकामना संस्कृत विद्यापिठ गुरुकुलमा वृक्षारोपण तथा एक अन्तर्किया कार्यक्रम सम्पन्न गरी एको छ ।

नगर भित्रका विभिन्न विद्यालयका विज्ञान विषयका शिक्षक, जन प्रतिनिधि, स्थानीय बुद्धिजीवीहरु तथा कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा "विज्ञान तथा प्रविधिको - उन्नत विकास र महामारीबााट सहज निकास " भन्ने मूल नाराका साथ वृक्षारोपण तथा विज्ञानको विकास, महत्वको सन्दर्भमा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी एको हो ।



*अन्तर्क्रिया कार्यक्रममा सहभागीहरु*



*वृक्षारोपण गर्दै शिक्षा , खेलकुद तथा युवा शाखा प्रमुख उपसचिव श्री बाबुराम भट्टराई*

**सबै किसिमका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई घटना दर्ता गरौं ।**

# आ.व.२०७७।७८ को स्वास्थ्यको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न

बाणगङ्गा नगरपालिकाले नगरपालिकाको सभाहलमा एक कार्यक्रमका बीच स्वास्थ्य संस्थाहरुको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरेकोछ । नगर उपप्रमुख श्री चक्रपाणि अर्यालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा बोल्दै प्रमुख प्रशासकीय अधिकृत श्री वासुदेव खनालले





कोभिड-१९ को माहमारी जस्तो सरुवा रोगको विषम परिस्थिति तथा अन्य विभिन्न खालका रोगहरुमा पनि कर्त्तव्यनिष्ट रही जनसमुदायको सेवामा निरन्तर खटिने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको योगदानको उच्च प्रशंसा गर्दै शुभकामना मन्तव्य राख्नु भएको थियो ।

US AID को आर्थिक तथा प्राविधिक सहयोगमा सम्पन्न सो कार्यक्रममा नगरपालिकाका विभिन्न शाखामा कार्यरत शाखा प्रमुखहरु, मोतिपुर आयुर्वेद औषधालय, पिपरा अस्पताल, नगर भित्र विभिन्न वडामा रहेका ६ वटा स्वास्थ्य चौकीहरु, ४ वटा आधारभूत स्वास्थ्य केन्द्र र एउटा शहरी स्वास्थ्य क्लिनिक बरवा गरी जम्मा १३ वटा स्वास्थ्य संस्थाहरुका कर्मचारीहरुको उपस्थितिमा स्वास्थ्य समीक्षा प्रतिवेदन प्रस्तुत गरी कार्यक्रम सम्पन्न गरेका थिए भने कार्यक्रमको संचालन अधिकृत हे.ई. श्री भक्तिराम पाण्डेले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा प्रस्तुत आ.व. २०७७।७८ को स्वास्थ्य समीक्षा प्रतिवेदनमा नगरपालिका भित्र विभिन्न स्वास्थ्य संस्थाहरुमा राखिएको अभिलेख अनुसार नगर भित्र सबैभन्दा बढी प्रभावित पार्ने रोगहरुमा चर्मरोग (छाला रोग), उच्च रक्तचाप, टाउको दुख्ने समस्या, ग्यास्ट्रिक समस्या र रुघा खोकी(URTI) का बिरामीहरु देखिएका छन् । उक्त प्रतिवेदन अनुसार चर्मरोगबाट ५१७६ जना, उच्च रक्तचापका रोगीहरु ३७७५ जना, टाउको दुख्ने समस्या ३०१४ जना , ग्यास्ट्रिक समस्या २८७५ जना र रुखा खोकीबाट २१७७ जना प्रभावित भई विभिन्न स्वास्थ्य संस्थाहरुले औषधी उपचार सेवा प्रदान गरेका छन् ।

| Diseases | Ward | | | | | | | | | | | Grand Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | |
| Skin Disease | 302 | 748 | 170 | 377 | 464 | 111 | 329 | 798 | 524 | 800 | 553 | 5176 |
| Hypertension | | 3374 | 94 | | 187 | | | 120 | | | | 3775 |
| Headache | | 639 | 327 | | 332 | 127 | 363 | 281 | 269 | 181 | 495 | 3014 |
| Gastritis | 129 | 810 | 183 | | | 250 | 391 | 271 | 341 | | 500 | 2875 |
| URTI | | | 133 | 273 | 535 | | | | 310 | 497 | 429 | 2177 |
| Diabetes Mellitus (DM) | | 2114 | | | | | | | | | | 2114 |
| ARI | | 626 | | | | | | 1306 | | | | 1932 |
| Falls/Injuries/Fractures | | 461 | | | | 159 | | | 430 | | 422 | 1472 |
| Rhinitis | | | 209 | 356 | | 276 | 144 | | 327 | | | 1312 |
| Arthritis | 91 | 841 | 40 | | | | 131 | 181 | | | | 1284 |
| DIARRHOEA | 95 | | 118 | | 215 | 133 | | | 107 | | 533 | 1201 |
| Backache | | 798 | | | | | | | | 322 | | 1120 |
| Abdominal pain | | 796 | | | | | | 160 | | | | 956 |
| LRTI | | | | | | | | | | | 799 | 799 |
| Fever | 175 | 297 | | | | | 284 | | | | | 756 |
| Conjunctivitis | 60 | | 62 | 164 | 168 | 84 | | | | 154 | | 692 |
| COPD | | 649 | | | | | | | | | | 649 |
| Dental Problem | | | | 551 | | | | 90 | | | | 641 |
| Tonsititis | 65 | | | | | | | | 167 | | 314 | 546 |
| Ear Infection | 55 | 186 | | | | | | 190 | | | | 431 |
| Goitre,Cretinism | | 385 | | | | | | | | | | 385 |
| Gum diseases | | | | 335 | | | | | | | | 335 |
| Toothache | | | | 326 | | | | | | | | 326 |
| ABSCESS | | | | | 138 | | | | | 161 | | 299 |
| UTI | | 221 | | | | | 72 | | | | | 293 |
| Eye Problem | | 287 | | | | | | | | | | 287 |
| Prostatism-(BEP/BPH) | | 283 | | | | | | | | | | 283 |
| Polyneuritis | | 266 | | | | | | | | | | 266 |
| Bacillary Dysentery | | | | | | | 74 | | | | | 74 |
| Grand Total | 997 | 13781 | 1491 | 2754 | 2463 | 1424 | 1884 | 3592 | 2475 | 2310 | 4281 | 37452 |

# बाणगङ्गा नगरपालिकाको प्रथम चौमासिक बजार अनुगमन

बाणगङ्गा नगरपालिकाले नगर क्षेत्रमा रहेका व्यवसायहरुको आर्थिक वर्ष २०७८।०७९ को प्रथम चौमासिक बजार अनुगमन गरेको छ । बजारमा खाद्य अखाद्य वस्तुहरुमा हुनसक्ने अनियमिततालाई नियन्त्रण गर्न २०७८ भाद्र ८, ९ र १० गते ३ दिन बजार अनुगमन गरी एको छ ।

बाणगङ्गा नगरपालिका राजस्व परामर्श समितिका संयोजक एवं नगर उपप्रमुखको श्री चक्रपाणि अर्यालज्यूको नेतृत्वमा भएको बजार अनुगमनबाट नगरका ११ वटै वडाका झन्डै २५० व्यवसाय हरुको अनुगमन गरेको छ । उक्त अनुगमनको क्रममा सम्बन्धित वडाका वडा अध्यक्ष एवं जनप्रतिनिधि, कपिलवस्तु उद्योग वाणिज्य संघको प्रतिनिधि, बाणगङ्गा नगरपालिकाका विभिन्न शाखाका कर्मचारीहरु, ईलाका प्रहरी कार्यालय पिपराका प्रतिनिधि, ईलाका प्रशासन कार्यालयका कार्यालय प्रमुख, पत्रकार महासंघका उपाध्यक्ष एवं प्रतिनिधि, लगाएतको सहभागितामा समन्वयमा बजार अनुगमन गरी एको थियो ।

नगरक्षेत्र भित्रका किराना तरकारी तथा फलफूल पसल, फ्रेस हाउस, फार्मेसी, एग्रोभेट, डेरी पसल तथा मिस्ठान भण्डार, रेष्टुरेन्ट टेलर्स, डेन्टल क्लिनिक, सुन चाँदी पसल, होटल, गिफ्ट तथा खेलौना पसल, ब्युटि पार्लर, ट्रेडर्स, सप्लायर्स, गल्ला भण्डार, पूजा सामाग्रि, भाँडा पसल, मदिरा पसल, मिठाई पसल, मोटरसाईकल मर्मत, सैलुन पसल, हार्डवेयर पसल, ऋण सहकारी संस्था, प्रयोगशाला, पोलिक्लिनिक, अस्पताल लगाएतको अनुगमन भएको थियो । अनुगमनमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्न अनुरोध गर्दै सफा, स्वच्छ, स्वस्थ सामाग्रीहरुको विक्रि वितरण र उपलब्धताको व्यवस्थापनलाई निरन्तरता दिन अनुरोध गरेको छ ।

| क्र.स | व्यवसायको किसिम | वडा नं. | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| १ | ईलेक्ट्रोनिक पसल | | | | | ३ | | | २ | १ | १ | | ७ |
| २ | ऋण सहकारी संस्था | | | | १ | | | | | | | | १ |
| ३ | एग्रोभेट तथा तरकारी | ४ | ३ | | ३ | २ | | ३ | १ | २ | | ३ | २१ |
| ४ | किराना तरकारी तथा फलफुल पसल | १ | ६ | | १० | ५ | | १० | ४ | ५ | ४ | ५ | ५० |
| ५ | कृषि सहकारी | | २ | | | | | | | | | | २ |
| ६ | गल्ला भण्डार | | | | | | | | | २ | | | २ |
| ७ | गिफ्ट तथा खेलौना पसल | | | | १ | १ | | १ | | | १ | | ४ |
| ८ | ग्रिल उद्योग | | | | १ | | | | | | | | १ |
| ९ | जुता चप्पल पसल | | | | | १ | | | | | | | १ |
| १० | टेन्ट पसल | | | | १ | | | | | | | | १ |
| ११ | टेलर्स | | | | २ | २ | | २ | | | | | ६ |
| १२ | ट्रेडर्स | | | | | २ | | | | | | १ | ३ |
| १३ | डेरी पसल तथा मिस्ठान भण्डार | | १ | | ३ | १ | २ | | १ | | | | ८ |
| १४ | नास्ता पसल | | | | २ | | | १ | | २ | | | ५ |
| १५ | पुजा सामाग्रि | | | | | | | १ | | १ | | | २ |
| १६ | प्लास्टिक पसल | | | | १ | | | | | | | | १ |
| १७ | फेन्सी पसल | | | | ४ | ४ | | ९ | | ३ | १ | | २१ |
| १८ | फोटो स्टुडियो | | | | | १ | | | | | | | १ |
| १९ | फ्रेस हाउस | | ४ | ४ | ९ | ३ | ४ | २ | ६ | १ | | | ३३ |
| २० | भाडा पसल | | | | १ | | | १ | | | | | २ |
| २१ | मदिरा पसल | | | | | | | १ | | १ | | | २ |
| २२ | मिठाई पसल | १ | | | | | | १ | | | | | २ |
| २३ | मोटरसाईकल मर्मत | | | | १ | १ | | | | | | | २ |
| २४ | मोवाइल पसल | | | | १ | | | | | | | | १ |
| २५ | रिसर्च | | | | १ | | | | | | | | १ |
| २६ | रेष्टुरेन्ट | | | | १ | २ | | १ | | ३ | | | ७ |
| २७ | व्याग तथा जुत्ता पसल | | | | | | | १ | | | | | १ |
| २८ | व्युटि पार्लर | | | | २ | १ | | | | १ | | | ४ |
| २९ | सप्लायर्स | | | | | | | १ | | | २ | | ३ |
| ३० | साइकल मर्मत | | १ | | | | | | | | | | १ |
| ३१ | सुन चाँदी पसल | | | | २ | १ | | २ | | | | | ५ |
| ३२ | सैलुन पसल | | | | २ | | | | | | | | २ |
| ३३ | हार्डवेयर पसल | | | | | | | | | १ | १ | | २ |
| ३४ | होटल | | | | १ | २ | | | | २ | | | ५ |
| ३५ | फार्मेसी | ७ | २ | | २ | | | ६ | ३ | | | ६ | २६ |
| ३६ | डेन्टल क्लिनिक | १ | | | ३ | | | १ | | | | १ | ६ |
| ३७ | प्रयोगशाला | | | | १ | | | | | | | | १ |
| ३८ | पोलिक्लिनिक | | | | १ | | | | | | | | १ |
| ३९ | अस्पताल | | | | १ | | | | | | | | १ |
| जम्मा | | १४ | १९ | ४ | ५८ | ३२ | ६ | ४४ | १७ | २५ | १० | १६ | २४५ |

# लसुन खेती गर्ने तरीका



- **लसुन तराईमा कहिले रोप्नु पर्छ ?**

☛ लसुन तराईमा असोज १५ देखि कार्तिक १५ सम्म रोप्न सकिन्छ।

- **लसुन खेतीको लागि प्रकास अवधि कति चाहिन्छ ?**

☛ लसुनको गानोको सुरुवात, वृद्धि विकासका लागि प्रकाश अवधि १२ घण्टा वा सो भन्दा बढी हुन आवश्यक छ।

- **लसुन खेतीको लागि के रोप्नुपर्छ ?**

☛ लसुन वानस्पतिक प्रसारण गरी ने मसला वाली हो । लसुनको केस्रा (Clove) बाट नै प्रसारण गरी न्छ । अतः रोगकम लाग्ने स्वस्थ्य ठूला, आकर्षक गानाको बोटमै छनौट गरी बीउको लागि भण्डारण गर्नु पर्दछ । तर ख्याल गर्नु पर्ने कहिले पनि उच्च पहाडबाट ल्याएको लसुन तराईमा लगाउनु हुँदैन । भोटे टाइपका लसुनको पनि तराईमा गानो लाग्दैन ।

- **लसुन खेतीको लागि कस्तो माटो चाहिन्छ ?**

☛ लसुनका लागि पानी नजम्ने खुकुलो माटो उत्तम हुन्छ । प्राङ्गारिक पदार्थ प्रशस्त भएको ६–७ पि.एच. भएको माटो राम्रो हुन्छ ।

- **लसुन खेतीको लागि आवश्यक पर्ने मल के कति हो ?**

☛ लसुनलाई प्राङगारिक मल प्रशस्त चाहिने भएकोले ३० टन राम्ररी पाकेको गोठे वा कम्पोष्ट मल प्रति हेक्टर जमिन तयार गर्नु अघि प्रयोग गरी खनजोत गर्नु पर्दछ । रसायनीक मलको हकमा प्रति हेक्टर १२०: ८०:८० के.जी.नाइट्रोजन, फसफोरस र पोटास सिफारिस गरी एको छ ।

- **लसुन खेतीको लागि के कति कसरी मल प्रयोग गर्नु पर्छ ?**

☛ लसुन खेतीको लागि ५.६ के.जी. युरिया, ८.७. के.जी. डी.ए.पी. र ६.७५ के.जी. म्युरेट अफ पोटास प्रति रोपनी जग्गा तयारीको अन्तिम वेला प्रयोग गरी न्छ भने ४ के.जी. युरिया २/२ के.जी.का दरले रोपेको ३० दिन र ६० दिन पछि प्रयोग गर्नुपर्दछ ।

- **लसुन कतीको दुरीमा रोप्नु पर्छ ?**

☛ लसुन १०–१५ से.मी को दुरीमा रोप्नु पर्छ।

- **लसुन रोप्न के कती बीउ (केस्रा) चाहिन्छ ?**

☛ लसुन रोप्न बीउ (केस्रा) ५००–६०० के.जी. प्रति हेक्टर (२५ देखि ३० के.जी. प्रति रोपनी ) आवश्यक पर्छ।

- **लसुन खेतीमा सिंचाई कहिले गर्नु पर्छ ?**

☛ लसुनले पानी जमेको र सुख्खा दुवै सहन सक्दैन । साधारण चिस्यान गानो तयार नहुन्जेल चाहिन्छ ।

- **लसुनमा गोडमेल कहिले गर्नु पर्छ ?**

☛ लसुनको पहिलो गोडाई लगाएको २५-३० दिन पछि र दोश्रो गोडाई ५०-६० दिन पछि गर्नु पर्छ ।

- **लसुन कहिले खन्नु पर्छ ?**

☛ लसुनको गानो तयार भएपछि लसुनको बोट पहेंलिई भुईमा ढल्न थाले पछि खन्नु पर्छ ।

- **लसुनको क्यूरिङ्ग कसरी गर्ने ?**

☛ लसुन खने पछि खेतमै गानालाई बोटले छोपी सुकाई सम्पूर्ण बोट सुकेपछि छाया र हावामा राम्ररी सुकाई थन्काउनाले भण्डारणमा राम्रो हुन्छ ।

# निजामति सेवा दिवस २०७८

"व्यवसायीक र सृजनशील प्रशासनः विकास, समृद्धि र सुशासन" भन्ने मूल नाराका साथ बाणगङ्गा नगरपालिकाले यस वर्षको निजामति सेवा दिवस २०७८ सम्पन्न गरेको छ । नगरको प्राङ्गणमा सम्पन्न उक्त कार्यक्रममा नगरभित्रका सबै कर्मचारीहरुको उपस्थितिमा सम्पन्न गरी एको थियो ।

निजामति सेवा दिवस २०७८ को अवसर



पारेर नगरपालिकाले ब्याडमिण्टन प्रतियोगिता / वृक्षारोपण तथा हरितालिका तिजको उपलक्ष्यमा नगरपालिकामा कार्यरत महिला कर्मचारीहरु लगायत सम्पूर्णमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरी एको थियो ।

नगरपालिकाले आयोजना गरेको कर्मचारी ब्याडमिण्टन प्रतियोगितामा पुरुष डबल्सतर्फ ७ वटा टिमहरुले राउन्ड रोबिन राउन्डको आधारमा एक आपसमा प्रतिस्पर्धा गरेका थिए भने महिला डबल्सतर्फ ३ वटा टीमहरुले नकआउट राउन्डको आधारमा प्रतियोगिता खेलेका थिए । उक्त खेलहरु वडा नं. ११, ओदारी स्थित कभर्ड हल र वडा नं. ४ जितपुर स्थित कभर्ड हलमा खेलिएको थियो ।

त्यसैगरी , पुरुष ब्याडमिण्टन प्रतियोगितामा क्रमशः प्रथम, द्बितीय र तृतीय स्थान प्राप्त गर्न सफल कर्मचारीहरु स्वास्थ्य शाखा प्रमुख ठगराज पौडेल र सहलेखापाल महेश भट्टराई "टिम सी", अधिकृत सातौं शान्तराज आचार्य र एम.आई.एस. अपरेटर पुष्कर भुसाल "टिम एफ", सब-ईन्जिनियर अनिल खनाल र सुरक्षा गार्ड खिमानन्द पौडेल "टिम डी" लाई तथा महिलातर्फ प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल सब-इन्जिनियर सबिता थापा र फिल्ड सहायक कमला बि.क.लाई निजामति सेवा दिवस २०७८ को दिन पारेर एक कार्यक्रमका बीच सम्मान पत्र प्रदान गरी एको थियो ।

त्यस्तैगरी , उक्त कार्यक्रममा नगरभित्रको उद्यानमा वृक्षारोपण गरिएको थियो भने हरितालिका तिजको उपलक्ष्यमा शुभकामना आदान-प्रदान गरी तिजको दर खाने कार्यक्रम समेत आयोजना गरी सम्पन्न गरी एको थियो ।


## बाणगङ्गा मासिक बुलेटीन

### सल्लाहकारहरु

श्री मंगल प्रसाद थारु
नगर प्रमुख
श्री चक्रपाणि अर्याल
नगर उपप्रमुख

### प्रधान सम्पादक

श्री बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

### सम्पादक/भाषा सम्पादक

श्री बाबुराम भट्टराई
उपसचिव

### बुलेटीन सम्पादन मण्डल

श्री केशबराज भट्टराई - शाखा अधिकृत
श्री शान्तराज आचार्य - योजना अधिकृत
श्री सम्राट रेग्मी - सूचना प्रविधि अधिकृत
श्री शुसिला पन्त- महिला विकास निरीक्षक
श्री दिपक थापा - कम्प्युटर अपरेटर

प्रकाशक:
बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क: ०७६-५५०३८३; ०७६-५५०४७९
इमेल: bangangamun@gmail.com
info@bangangamun.gov.np
बेभसाईट: www.bangangamun.gov.np
फेसबुक पेज: HBMBanganga
गुगल प्लस कोड: M5QF+48